श्री

# पाँचथर जिल्ला अदालत

## फिदिम, पाँचथर

पत्र संख्या : ०७८/०७९
चलानी नं. :

सम्पर्क नं.:-०२४५२२१९५
इमेल:-info.dcpanchthar@supremecourt.gov.np
मितिः- २०७८।०४।१०

**सूचना ! सूचना !! सूचना !!!**

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको कारण यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा संकुचन ल्याउने गरी यस अदालतको मिति २०७८।१।२७ को बैठकबाट निर्णय भएकोमा यस अदालतको मिति २०७८।४।१० गतेको सरोकारवालहरुसँगको बैठकबाट देहाय बमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१. नयाँ भेरिएन्ट सहितको कोरोना भाईरस फैलिई रहेको र सो नियन्त्रणका लागि सम्बन्धित निकायको सूचना समेतको आधारमा यस अदालतको मिति २०७८।१।२७ को बैठकबाट मिति २०७८।१।२८ देखि लागु हुने गरी अदालतको सेवामा संकुचन गरी मिति २०७८।३।२२को बैठकबाट केही सेवाहरु थप गरिएकोमा त्यस सूचना बमोजिम प्रवाह गरिएका सेवाहरुलाई निरन्तरता दिने।

२. यस अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु मिति २०७८।४।१५ गते देखि सुचारु गर्ने।

३. सेवा संकुचन भएको मिति २०७८।१।२८ गतेदेखि २०७८।४।१४ गतेसम्मको अबधिको हदम्याद, म्याद, तारेख, थाम्ने थमाउने सम्बन्धमा सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७।२।१५ गतेको आदेश बमोजिम सुबिधा मिति २०७८।४।१५ गतेदेखि लागु हुने गरी सर्वोच्च अदालतको पूर्ण बैठकबाट मिति २०७८।३।३१ मा निर्णय भएको हुँदा सोही बमोजिम सेवा उपलब्ध हुने भएकोले हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरुले मिति २०७८।४।१५ गतेबाट ३०(तीस) दिनभित्र अदालतमा उपस्थित हुनु पर्ने।

४. कोरोना भाइरसको जोखिम कायमै रहेकोले अदालत परिसरभित्र स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित सम्पूर्ण मापदण्डको पूर्ण पालना गर्नु हुन अनुरोध छ।

.............................................
विश्व जंग सिजापती
श्रेष्तेदार

श्रेस्तेदार
उप-सचिव

*E-mail:info.dcpanchthar@supremecourt.gov.np*
*Phone No:024-522195*